हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : २५, २०८२ फागुन २४ गते आइतवार (8 Mar. 2026) मूल्य रु. २०।-



डोल्पाबाट प्रतिनिधिसभा सदस्यमा धनबहादुर बुढा चौथो पटक निर्वाचित ।

डोल्पाबाट धनबहादुर बुढा चौथो पटक निर्वाचित

सुस्केरा समाचारदाता

डोल्पा, फागुन । गएको बिहिवार मतदान भै आज बिहान सम्पन्न मत गणनाको अन्तिम परिणाम अनुसार ने पाली कम्युनिष्ट पार्टी(नेकपा)का उम्मे दवार बिजयी हुनु भएको छ ।

हिमाली जिल्ला डोल्पाबाट प्रतिनिधिसभा सदस्यका लागि भएको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार धनबहादुर बुढा ६ हजार ८ सय २ मत प्राप्त गरी विजयी भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पाले आज बिहान घोषणा गरेको थियो ।

निर्वाचित धनबहादुर बुढाले ६ हजार ८ सय २ मत प्राप्त गर्दै निकट्तम प्रतिद्धन्द्धी नेकपा एमालेका उम्मेदवार लंकबहादुर रोकायालाई १ हजार ४ सय ६ मतान्तरले पराजित गर्नु भएको हो । एमाले उम्मेदवार रोकायाले ५ हजार ३ सय ९६ मत प्राप्त गर्नु भएको थियो ।

मतपरिणाम अनुसार नेपाली कांग्रेसका उम्मेदवार कर्णबहादुर बुढा २ हजार ९ सय ४७ मत प्राप्त गर्दै तेस्रो स्थानमा आउनु भएको छ ।

अन्य उम्मेदवारहरु राष्ट्रिय स्वतन्त्र पार्टीका देवसिंह ऐडीले १ सय ८१ मत, राष्ट्रिय प्रजातन्त्र पार्टीका हरि प्रसाद डाँगीले ९२ मत, स्वतन्त्र उम्मे दवार ओमेन्द्रबहादुर केसीले ५४ मत, प्रगतिशील लोकतान्त्रिक पार्टीका विकास बुढाले २१ मत, उज्यालो ने

.... .पेज नं. ८ मा

स्याउ खेतीमा किसानको आकर्षण

सुस्केरा समाचारदाता

डोल्पा, फागुन । डोल्पा जिल्ला फलफूल खेतिका लागि उत्तम भूगोल र हावापानी रहेको जिल्ला मानिन्छ ।

त्यस कारण डोल्पाका धेरै गाउँहरुमा स्याउ खेतिमा किसानहरु आकर्षित भएको देखिन्छ । डोल्पाका विभिन्न गाउँ हरु, छाँचु, रिमी, लिकु, दापु, सुँ, जुफाल, लोचा, माझफाल लगायतका विभिन्न गाउँका किसानहरु स्याउ खेती तर्फ आकर्षित भएको देखिएको हो ।

किसानहरुले व्यावसायिक स्याउ खे तीबाट मनग्ये आम्दानी गरेको पाइन्छ । स्याउ खेती गर्दा बिचमा सिमी, केर ाउ, भटमास लगायतका दलहन खेति गर्न सकिने भएकाले दोहोरो फाइदा गर्न सकिने हुन्छ । किसानहरुले स्याउबाट आफ्नो आर्थिक उन्नति गर्न सहयोग पाएको जनाएका छन् ।

बाजुराको दुर्गमका किसानको स्याउ खेतीमा आकर्षण बढ्दै गएको छ । जिल्लाको पूर्वोत्तर क्षेत्रमा पर्ने हिमा ली, स्वामीकार्तिक खापर, जगन्नाथ र

.... .पेज नं. ८ मा

आत्मसमर्पण नगर्ने इरानको भनाई

सुस्केरा समाचारदाता

काठमाडौँ, फागुन । अमेरिकाका रा ष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई तत्काल बिनासर्त आत्मसमर्पण गर्न चेतावनी दिनुभएको छ । विगत आठ दिनदेखि जारी युद्ध लम्बिँदै गएसँगै उहाँले यस्तो चेतावनी दिनुभएको हो । राष्ट्रपति ट्रम्पले आत्मसमर्पण नगरे इरानले अकल्पनीय विनाशको सामना गर्नुपर्ने प्रस्ट पार्नुभएको अमेरिकी सञ्चार संस्था सिएनएनले जनाए को छ । यता इरानका राष्ट्रपति मसुद पे जेस्कियनले कहिल्यै पनि इरान

ले आत्मसर्मण नगर्ने घोषणा गर्नुभएको छ । उहाँले टेलिभिजन सम्बोधनमा अमेरिकासामु नझुक्ने अडान दोहोऱ्याउनुभयो । राष्ट्रपति पे जेस्कियनले छिमेकी खाडी राष्ट्रमा गरि एको आक्रमणप्रति भने क्षमायाचना गर्नुभएको छ ।

अमेरिका-इजरायल र इरानबिच

.... .पेज नं. ८ मा

स्थापित पार्टीका धेरै नेता पराजित

सुस्केरा समाचारदाता

काठमाडौँ, फागुन । प्रतिनिधि सभा निर्वाचन २०८२ मा पुराना पार्टीका अधिकांश नेता पराजित हुनुभएको छ । पूर्वप्रधानमन्त्रीदेखि पटक पटक मन्त्री र सांसद भएर समाजमा स्थापित भएका नेतासमेत निर्वाचनमा पराजित हुनुभएको हो । यस निर्वाचनमा अधिकांश युवा र पहिलो पटक प्रतिस्पर्धामा रहेका नयाँले जित हासिल गरेका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली झापा-५ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बाले न्द्र शाहसँग पराजित हुनुभएको छ । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल रौतहट-१ बाट

.... .पेज नं. ८ मा

लगानीको वातावरणले कर्जा जाँदैन

सुस्केरा समाचारदाता

काठमाडौँ, फागुन । बैंक तथा वित्तीय संस्थामा निक्षेप बढ्दै गए पनि कर्जा प्रवाह भने अपेक्षा अनुसार विस्तार हुन नसकेको एक अध्ययनले देखाएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको अर्धवार्षिक समष्टिगत आर्थिक प्रतिवेदन 'समष्टिगत आर्थिक प्रतिवेदन-२०२६' अनुसार बैंकिङ प्रणालीमा तरलता प्रशस्त भए पनि लगानीको वातावरण कमजोर हुँदा निजी क्षेत्रतर्फ कर्जा प्रवाह सुस्त दे खिएको छ ।

अर्थतन्त्रमा तरलता पर्याप्त भए पनि लगानीको माग कमजोर हुँदा वित्तीय मध्यस्थताको प्रभावकारिता घटेको विश्ले षण प्रतिवेदनले गरेको छ । बैंकिङ प्रणालीमा रेमिट्यान्सको निरन्तर वृद्धि, विदेशी मुद्रा सञ्चिति बढ्नु तथा तरलता प्रवाह बढ्दै जाँदा निक्षेप वृद्धि कायम रहे को प्रतिवेदनमा उल्लेख छ ।

तरलता बढेसँगै बैंकहरूले निक्षेप र कर्जाको ब्याजदर पनि घटाएको प्रतिवे दनमा उल्लेख छ । व्यावसायिक बैक हरूको निक्षेप दर तीन प्रतिशतभन्दा तल नझरे पनि ऋणको ब्याजदर विगतको तुलनामा ऐतिहासिक रूपमा न्यून स्तरमा

.... .पेज नं. ८ मा

प्रतिनिधिसभा सदस्य निर्वाचन मतपरिणाम रास्वपालाई

सुस्केरा समाचारदाता

काठमाडौँ, फागुन २४ गते । प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ बाट प्रत्यक्षतर्फ आज बिहान सम्म रास्वपाले ९८ निर्वाचन क्षेत्रमा जित हातपारिसकेको छ भने २७ स्थानमा अग्रता रहेको छ । उता समानुपातिक तर्फ पनि हालसम्म गणना भएको मतमा १२ लाख ६५ हजार मत प्राप्त गरेको छ । यो परिणाम हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुई तिहाइ स्थानमा बिजय हासिल गर्ने संभावना बढेको छ । २ सय ७५ सदस्य रहे को प्रतिनिधिसभामा दुई तिहाई हुन १ सय ८४ सिट आवश्यक पर्छ । प्रत्यक्ष तर्फ नै हालसम्म ९८ सिट जितिसके को रास्वपाले अग्रता गरिरहेको २७ सिट जिते १ सय २५ सिट जित्ने दे खिन्छ । उता समानुपातिक तर्फ पुर ाना दलहरुको मतान्तर हेर्दा निकै बढि रहेकाले प्रत्यक्ष र समानुपातिक गरी रास्वपाले दुई तिहाई सिट प्राप्त गर्न सक्ने संभावना देखिएको हो ।

यो समाचार तयार पार्दा आज बिहान ९:०० बजेसम्म निर्वाचन आयोगद्वारा घोषित मतपरिणाम अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले ९८ क्षेत्रमा विजय हासिल गरेको छ । रास्वपाले २७ स्थानमा अग्रता कायम राखेको छ । नेपाली कांग्रेसले १४ सिटमा विजय हासिल गरेको छ । कांग्रेसले थप ३ क्षेत्रमा अग्रता लिएको छ । नेकपा (एमाले) ७ सिटमा विजयी भएको छ भने ३ सिटमा अग्रता लिएको छ । नेपाली कम्युनिस्ट पार्टी(नेकपा) ४ सिटमा विजयी र ३ सिटमा अगाडि छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले एक सिट जितेको छ । श्रम संस्कृति पार्टीले

.... .पेज नं. ८ मा

डोल्पाबाट ... .

पाल पार्टीका दिलबहादुर विष्टले ११ मत र मितेरी पार्टी नेपालकी उम्मे दवार जुनु भण्डारीले २ मत प्राप्त गर्नु भएको छ ।

२०८२ फागुन २१ गते बिहिवार भएको निर्वाचनको मतपरिणामको जीतसँगै नव निर्वाचित प्रतिनिधिसभा सदस्य धनबहादुर बुढा डोल्पाबाट लगातार चौथो पटक प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनु भएको छ । यस पटक उहाँले नेपाली कांग्रेसबाट उम्मेदवार बनेका आफ्नै सहोदर दाइ कर्णबहादुर बुढालाई समेत पराजित गर्नु भएको हो ।

नव निर्वाचित प्रतिनिधिसभा सदस्य धनबहादुर बुढा यस अघि २०७० को संविधानसभा सदस्य निर्वाचनमा एमालेको तर्फबाट संविधानसभा सदस्यमा पहिलो पटक, २०७४ सालमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा एमालेकै तर्फबाट प्रतिनिधिसभा सदस्यमा दोस्रो पटक, २०७९ सालमा भएको निर्वाचनमा नेकपा(एकिकृत समाजवादी)को प्रतिनिधिसभा सदस्यकमा तेस्रो पटक र यो २०८२ फागुन २१ मा भएको निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टी (नेकपा)को तर्फबाट प्रतिनिधिसभा सदस्यमा पुनः चौथो पटक निर्वाचित हुनु भएको हो ।

काइके गाउँपालिका वडा नं. २ का स्थायी वासिन्दा धनबहादुर बुढा सुरुमा राजनीति भन्दा निर्माण व्यवसाय गर्दै आउनु भएको थियो । तत्कालिन राजा ज्ञानेन्द्र शाहले आफ्नो प्रत्यक्ष शासन कालमा २०६२, २०६३ मा जिल्ला सभापतिमा मनोनय हुनु भएको थियो । त्यस पछि राजनीतिक यात्रा सुरु गर्नु भएका धनबहादुर बुढाले राजनीतिक रुपमा छलांग मार्दै देशको उच्च निकाय व्यवस्थापिकाको प्रतिनिधिसभा सदस्यमा चार, चार पटक निर्वाचिति हुनुका साथै देशको कार्यापालिका तथा मन्त्रिपरिषदमा पटक पटक क्याविनेट मन्त्री र राज्यमन्त्री बनिसम्नु भएको छ ।

यो निर्वाचनमा डोल्पाको २४ हजार १ सय १५ मतदाता रहेको थियो । जस मध्ये मतदानमा १६ हजार १९ खसेको थियो । खसेको मतमा १५ हजार ५ सय ६ मत सदर र ५ सय १३ मत बदर भएको भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय डोल्पा ले जानकारी दिएको छ ।

प्रतिनिधिसभा सदस्य ... ..

तीन क्षेत्रमा अग्रता लिएको छ । साथै एक स्वतन्त्र उम्मेदवार विजयी हुनु भएको छ ।

समानुपातिकमा रास्वपा अगाडि

समानुपातिक तर्फ पनि रास्वपा निकै अगाडि गएको छ । रास्वपाले १२ लाख ८० हजार ७८ मत प्राप्त गरेको छ । समानुपातिकतर्फ पनि राष्ट्रिय स्वतन्त्र पार्टीले तेब्बरभन्दा बढी मतसहित अग्रता बनाएको छ । नेपाली कांग्रेसले समानुपातिक तर्फ ४ लाख ३२ हजार ५ सय ८ मत प्राप्त गरेको छ । एमाले ले ३ लाख ४४ हजार ५ सय ३६, ने पाली कम्युनिस्ट पार्टीले १ लाख ६८ हजार ७५, राष्ट्रिय प्रजातन्त्र पार्टीले ९२ हजार २ सय २, श्रम संस्कृति पार्टीले ५१ हजार ५ सय ९६ र राष्ट्रिय परिवर्तन पार्टीले ३३ हजार १ सय ३१ मत प्राप्त गरेको छ । जनता समा(जवादी पार्टी नेपालले बाइस हजार ६ सय ६४, जनमत पार्टी १२ हजार २१, मजदुर किसान पार्टी १० हजार ९ सय, नेकपा (माओवादी) ले ८ हजार ४ सय ७० मत प्राप्त गरेका छन् ।

लगानीको वातावरणले .....

पुगेको प्रतिवेदनले जनाएको छ ।

कोरोना महामारीपछि मौद्रिक नीतिमा गरिएको सहुलियतका कारण प्रारम्भिक चरणमा कर्जा तीव्र गतिमा बढेको भन्दै प्रतिवेदनले पछि कडाइका कारण त्यसको गति घटेको विश्लेषण गरेको छ ।

स्थापित पार्टीका .. ..

रास्वपाका राजेशकुमार चौधरीसँग पराजित हुनुभएको छ । रास्वपाका चौ धरीले २८ हजार ९४६ मत ल्याएर विजयी हुनुभयो भने एमालेका अजयकुमार गुप्ताले १० हजार ६९४ मत ल्याएर दोस्रो, नेपाली कांग्रेसका अनिलकुमार झाले आठ हजार ५७४ मत ल्याएर तेस्रो भएर पराजित हुनुभएको छ । नेकपा सहसंयोजक ने पाल सात हजार ६६९ मत ल्याएर चौथो स्थानमा पुगेर रास्वपाका चौ धरीसँग पराजित हुनुभएको छ ।

कांग्रेसबाट पटक पटक मन्त्री र सांसद भएका 'हाइप्रोफाइल' नेता पराजित हुनुभएको छ । पूर्वगृहमन्त्री विमलेन्द्र निधि रास्वपाका महामन्त्री मनिष झासँग पराजित हुनुभएको छ । झाले ४३ हजार ९८८ मत ल्याएर विजयी हुनुभयो भने निधिले १६ हजार ६५२ मत ल्याएर दोस्रो हुनुभयो भने पूर्वमन्त्री जुलीकुमारी महतो नौ हजार ७८६ मत ल्याएर तेस्रो भई पराजित हुनुभयो । कांग्रेस महामन्त्रीद्वय प्रदीप पौडेल काठमाडौं-५ बाट रास्वपाका सस्मित पोखरेल सँग र गुरुराज घिमिरे मोरङ-४ बाट रास्वपाका सन्तोष राजवंशीसँग परा जित हुनुभएको छ । रास्वपाका पो खरेलले ३० हजार ३७३ मत ल्याएर विजयी हुनुभयो भने कांग्रेसका पौडे ल नौ हजार १५९ मत ल्याएर परा जित हुनुभयो । यस्तै रास्वपाका रा जवंशीले ४० हजार ८३३ मत ल्याएर विजयी हुनुभयो भने कांग्रेसका घिमिरे १२ हजार ८१८ मत ल्याएर परा जित हुनुभएको छ । कांग्रेसका वरिष्ठ ने ता शेखर कोइराला मोरङ-६ बाट रास्वपाका रुविना आचार्यसँग परा जित हुनुभयो । रास्वपाकी आचार्यले ५५ हजार ५१३ मत ल्याएर विजयी हुनुभयो भने कोइरालाले १२ हजार ८५० मत ल्याएर पराजित हुनुभयो ।

यस्तै कांग्रेसका महमहामन्त्री एवं पूर्वमन्त्री उदयशमशेर राणा ललितपुर-१ बाट रास्वपाकी बुद्धर त्न महर्जनसँग पराजित हुनुभयो भने पार्टीकै सहमहामन्त्री फरमुल्लाह मन्सुर बारा-३ बाट रास्वपाका अर विन्द साह र सहमहामन्त्री, प्रकाश स्नेही रसाइली बझाङबाट एमाले का ऐन बहादुर महरसँग पराजित हुनुभयो ।

एमालेका अध्यक्ष ओलीसहित अधिकांश पदाधिकारी निर्वाचनमा पराजित हुनुभएको छ । शनिबार बे लुकासम्म अध्यक्षको प्रतिस्पर्धामा लडे का ईश्वर पोखरेल काठमाडौं-५ बाट, उपाध्यक्ष विष्णुप्रसाद पौडेल रुपन्दे ही-२ बाट रास्वपाका सुलभ खरेलसँग पराजित हुनुभयो भने पृथ्वीसुब्बा गुरुङ रास्वपाका धर्मराज केसीसँग लमजुङबाट पराजित हुनुभएको छ । पार्टी उपाध्यक्ष गोकर्ण विष्ट गुल्मी-२ बाट रास्वपाका गोविन्द पन्थीसँग परा जित हुनुभयो भने महासचिव शङ्कर पो खरेल दाङ-२ बाट रास्वपाका उम्मे दवार विपिन आचार्यसँग पराजित हुनुभएको छ ।

आत्मसमर्पण नगर्ने ....

चर्किएको युद्ध फैलिँदै जाँदा पश्चिम एसिया क्षेत्रभरि सैन्य गतिविधि तीव्र बनेको छ । लेबनान, सिरिया र इराक सम्म विस्फोट, क्षेप्यास्त्र प्रहार, ड्रोन आक्रमण र सैन्य कारबाहीका खबर आइरहेका छन् भने विश्व अर्थतन्त्र र ऊर्जा आपूर्तिमा पनि यसको प्रभाव दे खिन थालेको छ । शनिबार दुबई र बहराइनका राजधानीमा शक्तिशाली विस्फोटको आवाज सुनिएको एएफ पीका पत्रकारले जनाएका छन् । यसै बिच अमेरिकी विदेश मन्त्रालयले इजरायललाई १२ हजार बम क्यासिङ बिक्री गर्न 'आपत्कालीन' स्वीकृति दि(एको छ ।

स्याउ खेतीमा ....

बुढीनन्दाका अधिकांश किसानले पछिल्लो समय स्याउ खेती गर्न थालेका छन् । यहाँका स्थानीय सरकारले पछिल्लो समय अधिकांश गाउँबस्ती सडक सञ्जाल मा जोडिदिएसँगै किसानको पनि स्याउ खे तीमा आकर्षण बढ्दै गएको हो ।

बुढीनन्दा नगरपालिका-८ का चक्र कठायतले स्याउ खेतीले जीविकोपार्जनमा सहज हुने देखिएपछि आफूले समूहबाट ऋण निकालेर खेती गर्ने जमिनमा स्याउ खेती सुरु गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्य खेती गर्दा बाँदर, भालु, बँदेलले सबै सखाप पार्छ । त्यसैले त्यो ठाउँमा स्याउ खेती सुरु गरिएको हो । पहिलो वर्ष मैले पाँच सय बोट लगा एको थिएँ । त्यसपछि दुई हजार बोट फे रि लगाएको छु । अहिले मेरो बगैंचामा झन्डै दुई हजार पाँच सय बोट स्याउ छन् ।"

शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

शिक्षासम्बन्धी हकको उपयोग गरौं।
निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आइबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: वीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

निर्वाचन सम्पन्न

देशमा आम निर्वाचनको महाअभियान छिटफुट घट्ना बाहे क शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । निर्वाचन अत्यन्तै शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । जुन प्रकारले असुरक्षाको आशंका व्यक्त गरि एको थियो त्यस्तो आशंका गरे अनुसारको वाहिरि अशान्ति नदेखिएरै प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएको छ । निर्वाचनबाट को को उम्मेदवार, कुन कुन राजनीतिक दलले जीत हात पारे त्यो भन्दा पनि जुन प्रकार भर्खरै केहि महिना अघि एक प्रकारको सुनामीपूर्ण आन्दोलन खेपेर आएको देशले निर्वाचन झेल्दै गरेको अवस्थामा शान्ति सुरक्षाको चुनौति त्यतिगै थियो । त्यस कारणले पनि निर्वाचन कति शान्त र सुरक्षित रुपमा सम्पन्न हुन्छ भन्नेमा सबैको ध्यान जाने गरे को थियो । होला अझै पनि चुनावी परिणाम अप्रत्यासित आएको देख्दा सबैको मनमा विभिन्न प्रकारका क्रियाप्रतिक्रिया उब्जने गरेको छ । जे होस् जुन प्रकारले वाहिरि अवस्था अनुसार निर्वाचन गराउन चुनौति थियो त्यसलाई यो सरकारले सहजै सम्पन्न गरेको छ । यसका लागि सरकार धन्यवादको पात्र बनेको छ ।

लोकतन्त्र र प्रजातन्त्रमा शान्तिपूर्ण, भयरहित वातावरणमा र कुनै लोभलालच बिना मतदाताहरुले वा नागरिकहरुले आफ्नो अभिमत मतदानबाट प्रकट गर्न पाउनु नागरिकहरुको नैसर्गिक अधिकार जस्तै मताधिकार हो । यो मानवअधिकारको क्षेत्र भित्र पर्छ । त्यस कारण मतदाताहरुले आफैले ढुक्कका साथ शान्तिपूर्ण वातावरणमा कसैको डरधाक, हप्कि, धम्बीमा नपरिकन, बिना प्रलोभन आफ्नो मत प्रकट गर्न पाउने वातावरण बन्नु पर्छ । कही कतै यस प्रकारको वातावरण छिटफुट घट्ना भए पनि निर्वाचन गराउने जिम्मा लिएको पूर्व प्रधानन्यायाधिश भैसकेको व्यक्तिको नेतृत्वमा बनेको अन्तरिम सरकारले निर्वाचन सम्पन्न गराएको छ । यो सरकार धन्यवादको पात्र बनेको छ । जे जुन प्रकारको आरोप प्रत्यारोप गरे पनि देशले बनाएको संविधान अनुसारको कानुन अनुसार संचालित शासन र शासनले व्यवस्था गरे का हरेक क्रियाकलापमा सबैले व्यवहार गर्नु र सरकारलाई सहयोग गर्नु नागरिक कर्तव्य हो ।

निर्वाचन लोकतन्त्र, प्रजातन्त्र जे भनौं जनताको मताधिकारबाट शासन संचालन गर्ने नेतृत्व चयन गर्ने प्रमुख माध्यम हो । नागरिकहरुले ढुक्कसँग स्वतन्त्र रुपमा गोप्य रुपमा कसलाई भोट दिएको हो त्यो कोही कसैले थाहा नपाउने गरी कसैलाई भनेर अति महत्वपूर्ण आफ् नो अभिमतलाई भोटको माध्यमबाट कसैले थाहा नपाउने गरी गोप्य मतदान गरेका छन् । हामीले अरु देखेका छैनौं, नेपालका सबै नागरि कहरुले एकै दिन गएको बिहिवार यही महिनाको २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचनमा ६० प्रतिशत नेपालीहरुले आ आफ्नो मताधिकार प्रयोग गरेका छन् । मतदान सकिएर मतपेटिका संकलन हुने वित्तिकै मतगणना सुरु भएको मा मतपरिणाम पनि आउने क्रम जारी रहेको छ । निर्वाचनबाट तथा जनताको जनादेशबाट निर्वाचित भएर बन्ने नयाँ सरकारले जनादेश अनुसार काम सम्पन्न गर्नु आवश्यक हुन्छ । त्यो हुने छ भन्ने अपेक्षा सहित सबैलाई धन्यवाद र बधाई छ ।

मेरो पहिलो चुम्बन

प्रेमकृष्ण श्रेष्ठ
रातोपाटीबाट

.....

बनाउन सक्नुपर्छ प्रेमिकालाई स्वतन्त्रता दिएर दास
दिन सक्नुपर्छ प्रेमिकाको पँखेटा थुनेर आकास
हुन सक्नुपर्छ ऊसितै जीवन, ऊसितै लास
मानिस त यौनपछि
प्रेमी पनि मुक्त हुन्छ
प्रेमिकालाई पनि मुक्त हुन दिन्छ
अनि बाँधिदिन्छ जीवनभरि
प्रेमिकाको हातमा धोखाको हतकडी
लाउँछन् प्रेमीहरू आफ्ना नाडीमा
मैले 'त्यो महिलासँग यौन गरेको छु' को गर्विलो घडी
यस्तै स्वार्थ भएर त प्रेममा
मान्छेको यौन कसरी हरियो हुन्छ ?
त्यसैले त मानिसको यौन,
रात आए कालो
दिन आए निलो हुने
आकासको रंगजस्तो
निलो भयो,
मान्छेको यौन कहिले हरियो सकेन ।

'स्वर्गीय आमाको तस्विर'
एउटा फूल म फुल्दै गर्दा,
अर्को फूल डालीबाट चुँडिएर झरेझैं
आमा डालीबाट सधैंका लागि चुँडिएर जानुभयो ।
यी आँखाहरूले बिहानी मिर्मिरे ठम्याउन नपाउँदै,
आमाका आँखाहरू चिरनिद्रामा मस्त भइसकेका थिए ।

मनको क्यानभासमा आमाको चित्र नकोर्दै,
मुटुको भित्तामा आमाको तस्विर नझुन्डिँदै,
महाकाल नामको भहाभूकम्पको कम्पनले
मेरो मस्तिष्कमा रहेको आमाको धमिलो तस्विर
निर्दयी भुइँमा डयाम्म पछारिदिएपछि
स्मृतिहरू काँचको मुटुसरी फुटेर गए ।

सम्झनाको क्यामेराले खिच्न नभ्याएको तस्विर पनि
दुई आँखाको भेलमा कता बगे, कता,
म भने यतिबेला कल्पनाको विश्वासिलो वर्तमानमा
आमाको ममता नामको सुन्दर तस्विर खोजिरहेछु ।

एक आँगन बिस्कुनले घामको प्रतीक्षा गरेझैं,
साँझपख डाँडापारिबाट आउने जून पो हो कि मेरी आमा,
मायाले छोएर जाने एक झोक्का सिरेटो पो हुन् कि मेरी आमा ।

मेरी आमाको तस्विर हेर्ने एक तन्द्रा सपना
परेलीको डिल छोएर बग्ने एक कोमल नदी
आकासले थिचेर भत्किएको मन
वियोगान्तको गहिराइमा डुबेको मस्तिष्क ।

मेरी आमाको नागरिकताले त मलाई आमा पक्कै चिनाउँछ
सन्दुक खोलेर हेर्दै- नेपाली कागजमा टाँसिएको थियो
एक श्यामश्वेत, मेटिएको तस्विर ।

इन्द्रेणीका सातै रङहरूमा खोजेँ, मेरी आमाको रङ,
संगीतका सातै स्वरमा खोजेँ, मेरी आमाको बोली,
सातै दोबाटोमा खोजेँ, मेरी आमाका पाइलाहरू ।

एक लास, एक चिहान, मुर्दाघाटमा पुगेर सोधेँ-
त्यो सन्नाटाले पनि देखाएन आमाको तस्विर,
भनेन ममता दुख्ने मुटुको ओखती । .....

खेलकुद

आइसिसी टि २० मा भिड्दै भारत

सुस्केरा समाचारदाता

काठमाडौँ, फागुन । आयोजक भारत र न्युजिल्यान्डबिच आइतबार आइसिसी टी-२० विश्वकपको उपाधि भिडन्त हुँदै छ । सो खेल जसले जिते पनि नयाँ इतिहास कायम हुने छ । न्युजिल्यान्ड पहिलो पटक टी-२० विश्वकप उपाधि जित्ने अभियानमा रहेको छ । टी-२० विश्वकपमा न्युजिल्यान्ड दोस्रो पटक फाइनल खेल्दै छ । सन् २०२१ को उपाधि भिडन्तमा अस्ट्रेलियाले न्युजिल्यान्डलाई निराश पारेको थियो । यसै गरी भारत तीन पटक टी-२० विश्वकप जित्ने तथा च्याम्पियन बन्ने पहिलो आयोजक हुने दाउमा रहेको छ ।

२० टोली सहभागी प्रतियोगिताको समापन अहमदाबादस्थित विशाल नरेन्द्र मोदी रङ्गशालामा हुँदै छ । सो रङ्गशालामा फाइनल हेर्न एक लाखभन्दा बढी समर्थक उपस्थित हुने छन् । तीमध्ये अधिकांश घरेलु टोली भारतको समर्थनमा रहने छ ।

पछिल्ला अन्तर्राष्ट्रिय प्रतियोगिताको फाइनलमा भारतका सम्झना तितामिठा छन् । सन् २०२१ मा इङ्ल्यान्डमा भएको विश्व टेस्ट च्याम्पियनसिपको फाइनलमा भारतलाई हराएर न्युजिल्यान्ड च्याम्पियन बनेको थियो । दुई वर्षपछि भारतले नरेन्द्र मोदी रङ्गशालामै एकदिवसीय विश्वकपको फाइनलमा तितो हार बेहोर्‍यो । सो प्रतियोगितामा अपराजित रहँदै फाइनल पुगेको भारतलाई घरेलु मैदानमा स्तब्ध बनाएर अस्ट्रेलिया च्याम्पियन बनेको थियो । यद्यपि टी-२० विश्वकपको पछिल्लो संस्करणमा च्याम्पियन बनेर भारतले घाउमा थकान उत्पन्न गर्ने खालको हुन्छ । स्नायविक प्रणाली निरन्तर सक्रिय र हँदा मस्तिष्कलाई पुनःऊर्जित हुने अवसर आवश्यक पर्छ, जुन विश्राम र मनोरञ्जनबाट मात्र सम्भव हुन्छ । विद्यालयमा सञ्चालन गरिने शिक्षक सिकाइ क्रियाकलाप संरचनामा ब्रेक, टिफिन र साप्ताहिक बिदा समावेश हुनुको मूल उद्देश्य नै संज्ञानात्मक सन्तुलन कायम गर्नु हो । कमजोर विद्यार्थी सुधार्ने नाममा विद्यालय समयबाहेक बिहान-बेलुका अतिरिक्त कक्षा सञ्चालन गर्नु शैक्षिक दृष्टिले प्रत्युत्पादक अभ्यास हो । थकित मस्तिष्कले सूचना त ग्रहण गर्न सक्ला तर त्यसलाई विश्लेषण र आत्मसात् गर्न सक्दैन । पर्याप्त आराम बिना गरिएको सिकाइले ज्ञान होइन, केवल तनाव उत्पादन गर्छ ।

सिकाइका लागि विद्यार्थीमा रमाइलो आरामको आवश्यकता पर्छ । यसका लागि, 'हप्तामा एक दिन, पुस्तकरहित दिन' लागू गर्नु राम्रो हो । त्यो दिनले थोरै भए पनि विद्यार्थीको शिक्षालाई जीवनसँग जोड्ने अवसर प्रदान गरोस् । त्यसका लागि विद्यालयमा, खेलकुद, कला, सङ्गीत र सहकार्यात्मक गतिविधि सञ्चालन होस्, जसले उनीहरूमा सामाजिक सिप, भावनात्मक बुद्धिमत्ता र नेतृत्व क्षमताको विकास गर्न सकोस् । अधिकांश विद्यालयमा यस्ता कार्यक्रम औपचारिकतामा सीमित छन् । खालि पढाइ र परीक्षामा मात्र रातदिन जोतिनुपर्दा विद्यार्थीको दिमागै गोलमाल भएको हुन सक्छ । अझ कतिपय विद्यालयले त हप्तामा एक दिन विद्यार्थीले पाउने शनिबारे बिदामा समेत परीक्षा लिने गरेको पाइन्छ । बालबालिकाले हप्तामा एक दिन विश्वव्यापी रूपमा पाउने स्वतन्त्र समयसमेत .... (गोप)

तयारीबिनाको सिकाइ

- इन्द्रकुमार श्रेष्ठ

सिकाइका तीन वटा आधारभूत नियम छन् तयारी, अभ्यास र असर । तीमध्ये पहिलो नियम 'तयारी' पूरा नभई कुनै पनि सिकाइ प्रभावकारी हुँदैन । तयारी विद्यार्थीको मानसिक, शारीरिक र भावनात्मक अवस्थासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ, जसले उसको ग्रहणशीलता र एकाग्रतालाई निर्धारण गर्छ । शैक्षिक मनोविज्ञानले पनि स्पष्ट रूपमा देखाएको छ कि जबसम्म विद्यार्थीको मस्तिष्क नयाँ ज्ञान ग्रहण गर्न तयार हुँदैन, तबसम्म शिक्षण सिकाइ प्रक्रिया यान्त्रिक अभ्यासमा सीमित रहन्छ । यो कुरा विचार नगरी बालकलाई जबरजस्ती पढाउन खोज्दा सिकाइ सतही बन्छ र दीर्घकालीन स्मृतिमा रूपान्तरण हुन सक्दैन । तयारीबिनाको सिकाइ समय, श्रम र सम्भावनाको अपव्यय मात्र हो ।

सिकाइ प्रक्रियाप्रति उत्सुकता र जिज्ञासाबाट प्रारम्भ हुन्छ । यो स्वतन्त्र र सहयोगी वातावरणमा मात्र फस्टाउँछ । जिज्ञासा नै ज्ञानको द्वार हो र त्यो द्वार डर, दबाब र अनावश्यक प्रतिस्पर्धाले बन्द गरिदिन्छ । नेपालका खासगरी सहरी विद्यालयमा बढ्दो अतिरिक्त कक्षा, कोचिङ र ट्युसन संस्कृतिले विद्यार्थीको स्वाभाविक जिज्ञासालाई क्रमशः क्षीण बनाइरहेको छ । सिकाइलाई अनुभव र खोजको यात्राका रूपमा लिनुपर्ने ठाउँमा अङ्क-केन्द्रित दौडमा सीमित गरिएको छ । परिणामतः विद्यार्थी सिर्जनशील शिक्षार्थीभन्दा परीक्षा-उन्मुख यन्त्रमा रूपान्तरित भइरहेका छन् । यसरी मानसिक तयारी र आन्तरिक प्रेरणाबिना गरिएको शिक्षण दीर्घकालीन रूपमा फलदायी हुँदैन ।

मानसिक श्रमको प्रकृति शारीरिक श्रमभन्दा सूक्ष्म तर गहिरो

संस्कृति, कला, बाल संशार



यो मौसम गुराँसको सौन्दर्य ।

नेपालीको सुरक्षाका लागि अपिल

सुस्केरा समाचारदाता

काठमाडौँ, फागुन । प्रधानमन्त्री सुशीला कार्कीले शनिबार संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपति सेख मोहमद बिन जायद अल नाह्यानलाई नेपाली नागरिकको सुरक्षाका लागि अपिल गर्नुभएको छ ।

प्रधानमन्त्री कार्कीले उहाँसँग टेलिफोन संवाद गर्दै पवित्र रमजानको अवसरमा शान्ति, न्याय र सद्भावका लागि हार्दिक शुभकामना पनि दिनुभयो । संवादका क्रममा प्रधानमन्त्री कार्कीले युएईको सार्वभौम क्षेत्रमा नागरिक पूर्वाधारलाई समेत लक्षित गरी भएका आक्रमणको निन्दा गर्नुभयो । पश्चिम एसियामा चर्किएको अमेरिका-इजरायल र इरानबिचको युद्धका क्रममा युएईका थुप्रै स्थानमा इरानले आक्रमण गरेको छ । प्रधानमन्त्रीले यस विषम परिस्थितिमा संयुक्त अरब इमिरेट्सलाई नेपालको साथ रहेको भन्दै ऐक्यबद्धता प्रकट गर्नुभयो । उहाँले यस परिस्थितिमा सम्बन्धित सबै पक्षलाई अधिकतम संयम अपनाउन, तनाव नबढाउन र नागरिकको सुरक्षा सुनिश्चित गर्न आग्रह पनि गर्नुभएको छ । युद्ध कहिल्यै शान्तिको विकल्प हुन नसक्ने उल्लेख गर्दै उहाँले कूटनीति र संवादका माध्यमबाट मात्र दिगो शान्ति सम्भव हुने बताउनुभयो । परिस्थिति सकेसम्म चाँडो सामान्य अवस्थामा फर्कने अपेक्षा पनि उहाँले व्यक्त गर्नुभयो । उहाँले सार्वजनिक सुरक्षा सुनिश्चित गरेकामा र त्यहाँ काम गर्ने तथा बसोबास गर्ने नेपाली नागरिकसहित सबै बासिन्दा, आगन्तुक र ट्रान्जिटमा रहेका मानिसको समान रूपमा हेरचाह गरेकोमा युएई सरकारप्रति आभार व्यक्त गर्नुभयो ।

गत १ मार्च २०२६ मा जायद अन्तर्राष्ट्रिय विमानस्थलमा उक्त अवसरमा प्रधानमन्त्री कार्कीले शान्ति र विकासलाई प्रवर्धन गर्न क्षेत्रीय तथा

सामान्य ज्ञान २५

१. विश्व सिमसार दिवस कहिले मनाइन्छ ?

☐ फेब्रुअरी २

- सन् २०२६ -३० औँ) को नारा : वेटल्यान्ड्स एन्ड ट्रेडिसनल नलेज : सेलिब्रेटिङ कल्चरल हेरिटेज

२. 'किङ्नी अफ दि वर्ल्ड' भनी कुन क्षेत्रलाई चिनिन्छ ?

☐ सिमसार क्षेत्र

३. हेम-गङ्गा अनुसन्धान तथा संरक्षण सम्मान, २०८२ बाट कसलाई सम्मानित गरियो ?

☐ वरिष्ठ चराविद् डा. हेमसागर बराल

४. अस्ट्रेलियन ओपन टेनिस २०२६ को पुरुष सिङ्गल्सतर्फको उपाधि विजेता को हुन् ?

☐ कार्लोस अल्काराज -स्पेन)

- नोभाक जोकोभिचलाई हराउँदै अल्काराजले सो उपाधि जितेका हुन् ।

- अल्काराजले यो सातौँ ग्रान्डस्लाम उपाधि जितेका हुन् । उनी २२ वर्षको उमेरमै चार वटै ग्रान्डस्लाम उपाधि जितेर यो उपलब्धि हासिल गर्ने विश्वकै कान्छा खेलाडी बनेका छन् ।

- काजकिस्तानकी एलिना रिबाकिनाले विश्वको नम्बर एक खेलाडी अरिना साबालेन्कालाई हराएर अस्ट्रेलियन ओपन महिला एकलको उपाधि जितेकी छन् ।

५. फ्राइडे फर फ्युचर नामक कार्यक्रमको अभियन्ता को हुन् ?

☐ ग्रेटा थनवर्ग -स्वीडेन)

नयाँ यात्राको थालनी

- डा.शोभाकर पराजुली

लोकतन्त्रका कैयौँ आयामलाई समेट्ने गरी एउटा भनाइ छ, 'मतदानमा जति भावना सलबलाउँछन् उत्ति नै विवेकपूर्ण छाल आउँछन्...।' लोकतन्त्रको एउटा आकस्मिकतालाई नेपालीले निर्वाचनका रूपमा उत्साहपूर्ण अपनाएका छन् । भयावह अनि अनिश्चिततालाई एउटा गहिरो अँध्यारोबाट अब हामी लोकतन्त्रको एउटा उज्यालोतर्फ अघि बढेका छौँ । यो निर्वाचन सामान्य निर्वाचन थिएन अर्थात् हामीले यो निर्वाचन सामान्य समयमा गरेका वा भाग लिएका होइनौँ । एउटा भयावह स्थितिले घेरेको समयमा त्यसको निकासका रूपमा फागुन २१ को व्यग्रता थियो; जसलाई हामीले निकै उत्साह अनि शान्तिपूर्ण रूपमा भव्य र सभ्यताका साथ पार गरेका छौँ ।

अबको केही घण्टाभित्रै मतपरिणाम आउन थाल्ने छन् । त्योभन्दा पनि धेरै अबका केही घण्टा अनेक उद्वेगको उछाल हुने छ । जितका जय जयकार अनि पराजयका निराशा र आक्रोश फेरि अर्को विडम्बना बन्न सक्छ । अबको समय भनेको निर्वाचन परिणामको सहर्ष स्वीकारोक्ति र संयमता नै हो । त्यसैबाट हामीले रोजेको यो निकासको बाटो अघिसम्म पुग्ने छ । नत्र फेरि हामी विचैमा अलमलमा पर्ने छौँ । यो देशलाई फेरि उस्तै अन्योलको दोसाँधमा छोड्ने छौँ । निर्वाचन भनेको जितहारको एउटा परीक्षा पनि हो । एउटाले जिते अर्काले हार्छ, एउटाले हारे अर्काले जित्छ । सबैले जित्दैनन् र सबैले हार्दैनन् पनि । राजनीतिक जीवनको एउटा मान्यता के हो भने एउटा जित वा एउटा हारले त्यो जीवनको बाटो सकिँदैन । त्यसले नै निर्धारण गर्छ आगामी बाटा कस्तो र कहाँ कहाँ हुने छन् भन्ने ।

फागुन २१ को यात्रारम्भ सुखद थिएन । २०८२ भदौ २३ गते नवपुस्ताको विद्रोह अनि नरसंहार र त्यसपछि विध्वंसात्मक परिस्थितिले हामीलाई एकाएक खरानीमा पुऱ्यायो । संसद् जल्यो, सिंहदरबार जल्यो । सर्वोच्च न्यायालय जल्यो । देशका कैयौँ इतिहास खरानी भए । आमनागरिकको सम्पत्ति खरानी भयो । त्योभन्दा ठुलो र अमूल्य कैयौँ कलिला जीवन ढले । कैयौँका जिन्दगी खलबलिएका छन् । यद्यपि विद्रोहको परिणाम सामान्य हुँदैन । त्यसले निम्त्याउने क्षति कुनै अङ्गणितले समेट्दैन । तथापि भदौ २३ को नवपुस्ता विद्रोह हिंसा वा विध्वंसको प्रारम्भ भने थिएन । परिस्थितिको प्रारब्धले त्यसलाई कतिसम्म भयावह बनायो भने हामीले चाहेर पनि त्यसलाई रोक्न वा छेक्न सक्ने स्थिति थिएन । कसैले केही गर्न सक्ने परिस्थिति थिएन । कोही कसैको नियन्त्रण वा नेतृत्वमा थिएन । बेकाबु भइसकेको त्यो परिस्थितिको जिम्मेवार भने हामी नै थियौँ ।

हाम्रै पुस्ता थियो अनि हामीले नै निर्माण गरेको नेतृत्वको जग थियो । त्यही जगमा सधैँ सत्ताका ठेकेदार बनिरहने सत्तालोलुप थिए; जसले परिवर्तनलाई रोक्न खोजे । समृद्धिका उज्याला किरणलाई हत्केलाले छेक्न खोजे । एउटा पुस्ताले बाँच्न खोजेको सम्मानित जीवन र त्यसको भविष्यलाई बेवास्ता गरिदिए । त्यसैको परिणाम थियो भदौ २३ को विद्रोह; जो हाम्रै नवपुस्ताको एउटा आह्वान मात्रै थियो । उसको आकाङ्क्षा र चाहना थियो । यही नेतृत्वसँगको अपेक्षा र आशा सडकमा पोखिएका थिए; त्यो भन्दा बढी केही थिएन ।

विद्रोहको त्यो सङ्कल्प यात्रामा समाजका केही यस्ता कुत्सित आत्मा मिसिए; जो उच्छृङ्खल अनि उद्दण्डका पराकाष्ठा थिए । तिनैले पहिला नरसंहार निम्त्याए अनि भदौ २४ को विध्वंस पनि । जति दोषी ती नरसंहारकारी र विध्वंसकारी छन्, त्योभन्दा अझ धेरै दोषी अघिल्लो भएका नाताले हाम्रो पुस्ता पनि त्यसको भागीदार छ, हुनु पनि पर्छ । कोही पनि केही गरी यो जिम्मेवारीबाट भाग्न पाउँदैन । भाग्न दिनु पनि हुँदैन । त्यसले मात्रै हाम्रा सर्यौँ निर्दोष र कलिला आत्माले न्याय पाउने छ । त्यस कारण पनि भदौ २३ देखि फागुन २१ सम्मको यो यात्रा इतिहासकै सबैभन्दा भयावह, अनिश्चित, अन्योल र अनिश्चिततातले भरिएका थिए । हामीले यो यात्राको एउटा सबैभन्दा कठिन बाटो पार गरिसकेका छौँ । यो घनघोर अनिश्चितता इतिहासकै सबैभन्दा भयावह थियो । अन्योल र अन्योन्याश्रित कैयौँ प्रश्न थिए । त्यसलाई पनि आममतदाताले निकै उत्साहपूर्ण तवरबाट मतदान गरेर पार गरिसकेका छौँ ।

अब बाटो स्पष्ट छ । अगाडि देशको उज्यालो भविष्य पर्खिबसेको छ । नवपुस्ता अनि आगामी पुस्ताको एउटा सुनौलो भविष्य कुरिरहेको छ । सम्भावनाका यी उज्याला समा उनका लागि अब नयाँ संसद् अनि सरकारले पुस्ताको भावना अनुसार आफ्नो कार्यदिशा तय गर्नुपर्ने छ । लोकतन्त्रमा एउटा भनाइ छ, 'जनता आफ्नो सरकारसँग डराउनु पर्दैन, बरु सरकार आफ्ना जनतासँग सधैँ डराइर हनु पर्छ...।' किनकि लोकतन्त्रको पहरेदार सधैँ जनता हुन्छन्, सरकार होइन । सरकार एउटा साधन मात्रै हो, यो नै साध्य होइन । ..... (गोपबाट)

फेदी खोला जलविद्युत आयोजना(३.५ मेगावाट)को प्रारम्भिक वातावरणीय परिक्षणको (**IEE**) सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८२/११/२४)

कर्णाली प्रदेश, डोल्पा जिल्ला, मुड्केचुला गाउँपालिका वडा नं. ४ भएर बग्ने फेदी खोलामा, फेदी खोलाको पानी उपयोग गर्ने गरी श्री उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गत विद्युत विकास विभागद्वारा यस डोल्पा फेदी खोला हाइड्रो कम्पनी प्रा.लि. लाई अध्ययनको अनुमति प्राप्त भएको हुँदा अध्ययनको अन्तिम चरणमा रहेको ३.५ मेगावाट क्षमताको फेदी खोला जलविद्युत आयोजनाको वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (५) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम फेदी खोला जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (**IEE**) को मस्यौदा प्रतिवेदन माथि निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हुँदा स्थानीय बुद्धजीवि, भद्रभलाद्मी लगायत विभिन्न संघसंस्थाहरुका प्रतिनिधिहरुको उपस्थितिकोलागि हार्दिक अनुरोध गर्दछौं । साथै प्रस्तावित आयोजनाको संरचनाहरुमा पर्ने प्रभावित परिवारको विवरणहरु (संरचना र जग्गा) सम्बन्धित गाउँपालिका र वडा कार्यालयको सूचना पाटीमा टाँस उपलब्ध रहेको छ ।

सार्वजनिक सुनुवाई कार्यक्रम हुने समय, स्थान र मिति

मिति : २०८२ फागुन ३० गते शनिवार

समय : बिहान ११:०० बजे

स्थान : श्री भानु आधारभुत विद्यालय

मुड्केचुला गाउँपालिका वडा नं. ४ ईल, डोल्पा जिल्ला, कर्णाली प्रदेश

आयोजक

प्रस्तावक : डोल्पा फेदी खोला हाइड्रो कम्पनी प्रा.लि.
मुड्केचुला गाउँपालिका वडा नं.४, डोल्पा, नेपाल
इमेलः **phedikholahydro@gmail.com**
सम्पर्क नं : ९८५११२४३९१

परामर्शदाताः स्वान्सग्रिन इन्भारोमेन्ट सोलुसन्स प्रा.लि.
कोटेश्वर, काठमाण्डौं
इमेल : **swansgreen011@gmail.com**
सम्पर्क नं. :९८४९१७८३२१, ९८४३७५८५८८

महिला सम्मानको बाटो

- गायत्री लम्साल

आज अन्तर्राष्ट्रिय नारी दिवस । ने पालमा यो दिवसलाई महिलाका अधिकार, समानता र सशक्तीकरणका विषय उठाउने महत्वपूर्ण अवसर का रूपमा लिइन्छ । समाज असल संस्कृति र सभ्यता निर्माणको जग हो । कुनै पनि व्यक्तिको आनीबानी, सोचविचार, चिन्तन, कार्यसंस्कृति कस्तो हुन्छ भन्ने कुरा ऊ बस्ने समाजले निर्धारण गर्छ अर्थात् समाज खराब अनि व्यक्ति असल वा समाज असल व्यक्ति खराब बन्न सक्दैन ।

ऐतिहासिक रूपमा नै पुरुषप्रधान र हँदै आएको हाम्रो समाजमा महिलाले विभिन्न किसिमका विभेद र अन्याय भोग्दै आएका छन् । अझै पनि शिक्षामा असमान पहुँच छ । ग्रामीण तथा पिछडिएका क्षेत्रमा छोरीको शिक्षालाई प्राथमिकता कम दिने प्रवृत्ति छ । 'छोरी त पराइघर जान्छे वा परा इघर जाने मान्छे' भन्ने खराब सोच हुँदाहुँदै धेरै बालिका उच्च शिक्षाबाट वञ्चित छन् ।

समग्र महिलाको आर्थिक अवस्था कमजोर छ । धेरै महिला घरायसी काममा, भान्छाकोठाको काममा सीमित छन् । यो कामको आर्थिक मूल्य नदिइने हुँदा उनीहरू काम धेरै गरे पनि आर्थिक रूपमा पुरुषमा निर्भर हुन वाध्य छन् । कामकाजी महिलासमेत बाहिरको काम गर्ने अनि घरभित्रको सबै काम गर्दासमेत पुरुषको सहयोग नपाउँदा दोहोरो कामको मारमा परेका छन् । जसले गर्दा बालबच्चा हुर्काउन निकै अप्ठ्यारो भइरहेको छ, एकातिर भने अर्कोतिर पारिवारिक बेमेलको वातावरण विस्तार हुँदै गएको छ । यसो हुनु हुँदैन । घर बाहिरको काममा महिलाको पहुँच बिस्तारै बढेसँगै हरेक पुरुषले आफ्नो घरभित्रको काममा इमानदार भएर सहयोग गर्नु जरुरी छ । यसले पारिवारिक विखण्डन र बेमेलको वातावरण सिर्जना हुन दिँदैन ।

विश्वबजारलाई विश्लेषण गर्दा विकासले गति लिएको छ तर आमने पाली धेरै महिला घरेलु हिंसा र लैङ्गिक हिंसामा तड्पनु परेको छ, मर्नु परेको छ । अझै पनि व्यापक घरेलु हिंसा, यौन दुर्व्यवहार, दाइजो प्रथा, बाल विवाह छाउपडी जस्ता कुप्रथा अन्त्य हुन सकेको छैन । पीडित महिलाले न्याय पाउन कठिनाइ भोग्नु परेको छ । समाजले जुनसुकै गल्ती गर्ने पीडक पुरुषलाई अझै पनि उच्च सामाजिक सम्मान गर्ने र जुन पीडित महिला छन् । सबै दोष उनीलाई नै लगाएर घटना लुकाउने, अझै बढी हिंसा गर्ने, समाजबाट बहिष्कार गर्ने जस्ता निकै अमानवीय व्यवहार गरिन्छ । महिला लाई हिंसा गर्ने सवालमा पुरुषले मात्र नभएर आममहिलाले महिलालाई नै हिंसा गर्ने प्रवृत्ति समेत व्यापक छ । सबै महिलाको सोचाइ, चेनतास्तर र मानसिक रूपमा सशक्त नबनेसम्म हिंसा न्यूनीकरणले गति लिन सक्दैन । हालका दिनमा राजनीति, प्रशासन, निजी क्षेत्र र निर्णय प्रक्रियामा महिलाको उपस्थिति बढेको छ । यो राम्रो पक्ष हो तर उपस्थितिले गुणात्मक फड्को मार्न सकेको छैन । नाम मात्रको उपस्थिति बढी छ । नाम महिलाको राख्ने काम पुरुषले गर्ने वा पुरुषकै तोकादेश अनुसार गर्ने प्रवृत्ति कम भएको छैन । यसो हुनुहुँदैन, हरेक क्षेत्रमा आममहिलाको गुणात्मक उपस्थिति, मानसिक रूपमा सबलीकरण र सङ्ख्यात्मक रूपमा समेत अझै वृद्धि गर्नु आजको आवश्यकता हो । कानुनी रूपमा महिलामैत्री कानुन धेरै निर्माण भएका छन् । विडम्बना व्यवहारमा भने एउटा नागरिकताको प्रमाणपत्र पाउन नसकेर, बिहे दर्ता गर्न नसकेर, समाजले गरेको, हाम्रो शासन सत्ताले गरेको अपमान सहन नसकेर आत्महत्याको बाटो रोज्ने अवस्था आज समेत हुनु लज्जास्पद विषय हो । समाजको कलङ्क हो । सबै पक्षबाट हुने कमीकमजोरीले गर्दा नै यस्तो भएको हो, अब यसको अन्त्य गर्न जरुरी छ ।

यहाँ महिलामाथि हुने विभेदका स्वरूप धेरै छन् । तलब तथा रोजगारीमा असमानता छ । सम्पत्ति र पैतृक अधिकारको प्रयोगमा बाधा छ । छाउपडी जस्ता निकृष्ट प्रथा मानसिकतामा नै जरा गाडेर बसेको छ । सामाजिक तथा धार्मिक गतिविधिमा महिलाको उपस्थितिलाई सीमितता प्रदान गरेको छ । यस्ता विभेदले महिलाको आत्मविश्वास, स्वतन्त्रता र अवसरलाई सीमित बनाएका छन् ।

सबै प्रकारका हिंसा न्यूनीकरण गर्दै असल समाज निर्माणका लागि सबै पक्षबाट सहयोग हुनु जरुरी छ । राज्य विभेद हटाउने विषयमा प्रमुख पात्रका रूपमा काम गर्न सक्नु पर्छ । यसका लागि गुणस्तरीय शिक्षामा समान पहुँचको वातावरण निर्माण गर्ने । सर कारले बालिका शिक्षालाई निःशुल्क र अनिवार्य मात्र होइन सुरक्षित र गुणस्तरीय बनाउन विशेष कार्यक्रम ल्याउनु पर्छ । आर्थिक सशक्तीकरणमा जोड दिने । महिलाका लागि सिपमूलक तालिम, सहुलियतपूर्ण ऋण, उद्यम शीलता प्रवर्धन कार्यक्रम विस्तार हुनु पर्छ । ग्रामीण महिलालाई लक्षित गरी कृषि, साना उद्योग र प्रविधिमा पहुँच बढाउन आवश्यक छ । कडा कानुनी कार्यान्वयन अहिलेको आवश्यकता हो । घरेलु हिंसा तथा लैङ्गिक अपराधविरुद्ध बनेका कानुनको प्रभावकारी कार्यान्वयन हुनु पर्छ । पीडितमैत्री न्याय प्रणालीको उचित व्यवस्थापन गर्नु जरुरी छ ।

सबै राजनीतिक दल, सरकारी निकाय र निजी क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आरक्षण मात्र होइन, नेतृत्व विकास तालिम र अवसरको व्यवस्था गर्नु पर्छ । हिंसा न्यूनीकरण र विभेद अन्त्यका लागि हरेक व्यक्तिको सचेत मानसिकता निर्माण गर्नु नै प्रमुख अस्त्र हो । जबसम्म हाम्रो मानसिकता नै सशक्त हुँदैन, तबसम्म सबै प्रयासले घुँडा टेक्छ । सामाजिक चेतना अभिवृद्धि गर्नु राज्यको पहिलो प्राथमिकता हो । समानताको शिक्षा विद्यालय तहदेखि नै सुरु गर्नु पर्छ । सञ्चार माध्यम र सामाजिक अभियानमार्फत सबैलाई समानताको यात्रामा सहभागी गराउन आवश्यक छ ।

आममहिलाको मानसिकता सचेत, सबल, सक्षम र सशक्त बन्न सक्नु पर्छ । म महिला भएको कारणले विभेद भयो भने मैले महिलालाई विभेद गर्न हुदैन भन्न सक्नु पच्यो । मेरो पुस्तालेहिंसा सहन बाध्य भयो भने मेरो छोरी/बुहारी पुस्तालेहिंसा सहन हुन्न । उनीहरूलाई हिंसा गर्न हुँदै हुन्न भनेर लाग्नु पर्छ । महिला महिला भएकै कारणले कुनै पनि काम कुरामा पुरुषभन्दा कमजोर छैनन् भन्ने चेतन मानसिकता निर्माण गर्न जरुरी छ । मैले हिंसा सहँदिन, मैले अरूलाई हिंसा गर्दिनँ, म आत्मनिर्भर बन्छु, आफ्ना सन्तानलाई हरेक कामकुरामा समान अवसर र पहुँचको वातावरण निर्माण गर्छु भन्ने उच्च आत्मबलका साथ हरेक महिला अगाडि बढ्ने बेला हो यो । सबैको साझा प्रयासबाट मात्र विभेदरहित, हिंसारहित सभ्य समाजको निर्माण गर्न सकिन्छ । कानुन निर्माण हुँदैमा, ठुला र मिठा कुरा गर्दैमा समाज मा रहेको असमानता, हिंसा, अन्याय र अत्याचार ... (गोपबाट)

बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं

जाडो तथा चिसोको समयमा :

-मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
-बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्
-चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं,
-तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं,
-शारीरिक व्यायाम गरौं, धुम्रपान मद्यपान नगरौं,
-घर तथा कोठा न्यानो बनाऔं,
-नियमित घाम ताप्ने गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

काइके गाउँपालिका, डोल्पा

आमनिर्वाचनमा परराष्ट्र नीतिको परीक्षा

- कटक मल्ल

परराष्ट्र नीति नारावाजीको विषय मात्रै बन्यो भने दीर्घकालीन राष्ट्रिय हित कमजोर हुन सक्छ ।

निर्वाचनमा परराष्ट्र नीतिको महत्त्व बढ्छ किनकि निर्वाचन-प्रतिस्पर्धा के वल आन्तरिक एजेन्डामै सीमित र हुँदैन । यसले छिमेकी र अन्तर्राष्ट्रिय शक्तिसँगको सम्बन्धमाथि पनि संके त गर्छ । यस्ता अवसरमा विदेशी शक्तिहरूले नेपालको राजनीतिक दिशा, सम्भावित नेतृत्व र नीतिगत प्राथमिकतामाथि विशेष चासोले ध्यान दिन्छन् ।

भारत र चीनजस्ता शक्तिशाली छिमेकीबीच अवस्थित भएकाले ने पालका राजनीतिक दलको अभि व्यक्ति, गठबन्धनसम्बन्धी धारणा र बाह्य सहायता वा परियोजनाप्रतिको दृष्टिकोणलाई बाहिरबाट हेरिन्छ । यदि परराष्ट्र नीति नारावाजीको विषय मात्रै बन्यो भने दीर्घकालीन राष्ट्रिय हित कमजोर हुन सक्छ ।

त्यसैले, आमनिर्वाचनको समयमा परराष्ट्र नीतिलाई दलगत लाभभन्दा माथि राखी राष्ट्रिय सहमति, निरन्तर ता र सन्तुलनका आधारमा प्रस्तुत गर्नु आवश्यक हुन्छ ताकि सत्ता परि वर्तन भए पनि नेपालको अन्तर्राष्ट्रिय विश्वसनीयता र रणनीतिक स्थिरता कायम रहोस् ।

भूराजनीतिक खेल : साना शक्ति रा ज्यको दुविधा र अस्तित्व

इतिहासभरि ठूला शक्तिबीच रहेका साना वा मध्यम शक्तिका राज्यले एउटै कठिन प्रश्न सामना गरेका छन् शक्तिशाली छिमेकीको प्रतिस्पर्धाबीच आफ्नो सार्वभौमिकता कसरी जो गाउने ? भूगोलले उनीहरूलाई संवे दनशील स्थानमा राख्छ तर केवल भौगोलिक अवस्थिति नै निर्णायक कारक हुँदैन । आन्तरिक राजनीतिक एकता, संस्थागत सुदृढता, आर्थिक आत्मनिर्भरता र कूटनीतिक चातुर्य निर्णायक हुन्छ ।

जब यी तत्त्व कमजोर हुन्छन्, बाह्य शक्तिको प्रभाव तीव्र हुन्छ । जब यी बलिया हुन्छन्, साना राज्यले पनि जटिल शक्ति-सन्तुलनबीच आफ्नो स्थान सुरक्षित राख्न सक्छन् । त्यसै ले, साना राज्यको दुविधा केवल बाह्य खतरा होइन, आन्तरिक क्षमताको परी क्षा पनि हो ।

नेपाल आज यस्तै भूराजनीतिक स्थिति सामना गरिरहेको छ । भारत र चीन बीचको नेपालमा अमेरिका र युरोपेली देशहरू पनि दक्षिण एसियाली शक्ति-सन्तुलनलाई चासोपूर्वक हेरिरहेका छन् । यद्यपि नेपालको अवस्था २१ औं शताब्दीको विशेष सन्दर्भमा अद्वितीय छ, इतिहासका केही उदाहरणले यसका जोखिम र सम्भावना बुझ्न मद्दत गर्छन् ।

नेपालको चुनौती केवल दुई छिमे कीबीच सन्तुलन कायम गर्नु हो इन, बहुआयामिक कूटनीतिक व्यवस्थापन पनि हो- आर्थिक साझे दारी विविधीकरण गर्ने, सुरक्षा चासो हरू संवेदनशील रूपमा सम्बोधन गने र आन्तरिक राजनीतिक सहमति कायम राख्ने । यदि नेपालले आफ्नो राष्ट्रिय हितलाई स्पष्ट रूपमा परि भाषित गरी दीर्घकालीन रणनीति अपनाउन सके यसको भूराजनीतिक अवस्थिति कमजोरी होइन, शक्ति पनि बन्न सक्छ ।

नेपाल : एक 'बफर स्टेट' वास्तविकता

'स्यान्डविच', 'तरुल' वा 'पुल' जेसुकै भने पनि अन्तर्राष्ट्रिय सम्बन्धको भाषामा 'बफर स्टेट' भन्नाले दुई शक्तिशाली वा प्रतिस्पर्धी देशबीच अवस्थित त्यस्तो राज्यलाई बुझिन्छ, जसको भौगोलिक उपस्थितिले ती ठूला शक्तिहरूलाई प्रत्यक्ष रूपमा आमनेसामने हुनबाट केही हदसम्म अलग राख्छ । सरल शब्दमा भन्नुपर्दा, 'बफर स्टेट' दुई ठूला शक्तिको 'बीचको देश' हो, जसको अस्तित्वले शक्ति-सन्तुलनमा भूमिका खेल्छ । यस्तो रा ज्य कहिलेकाहीँ दबावको केन्द्र बन्छ तर सही रणनीतिले यसले अवसर पनि सिर्जना गर्न सक्छ । भारत र चीन दुवै विशाल र प्रभावशाली राष्ट्रबीचको ने पाललाई प्रायः 'बफर स्टेट' भनिन्छ ।

नेपालका दुई छिमेकीबीच सीमा विवाद र क्षेत्रीय प्रभाव विस्तारको प्रतिस्पर्धा छ । हिमालय क्षेत्रमा अवस्थित भएका ले नेपालको रणनीतिक महत्त्व यसको आकारभन्दा धेरै ठूलो छ । चीनका लागि तिब्बत संवेदनशील विषय हो, त्यसैले नेपालको भूभाग उसको सुर क्षा दृष्टिकोणमा महत्त्वपूर्ण छ । अको तर्फ, नेपाल भारतसँग व्यापार, पार वहन, रोजगारी र सांस्कृतिक सम्ब न्धले गहिरोसँग जोडिएको छ ।

यसरी नेपालले एकै समयमा धेरै शक्तिसँग सम्बन्ध सन्तुलनमा रा ख्नुपर्छ । यही सन्तुलन नै यसको परा ष्ट्र नीतिको मुख्य चुनौती हो ।

'बफर' हुनु केवल भौगोलिक अवस्थिति होइन, कूटनीतिक जिम्मे वारी पनि हो । नेपालले कुनै एक शक्ति-धुरीतर्फ अत्यधिक झुकाव दे खायो भने अर्को पक्षमा असन्तुलनको भावना उत्पन्न हुन सक्छ । त्यस्तै, अत्यधिक सतर्कता वा निष्क्रियता दे खाउँदा आर्थिक अवसर गुम्न सक्छ । त्यसैले नेपालका लागि सन्तुलनको अर्थ निष्क्रिय तटस्थता होइन, सक्रिय, यथार्थपरक र दीर्घदृष्टियुक्त कूटनीति हो । यहाँ राष्ट्रिय हित स्पष्ट परि भाषित हुन्छ, छिमेकीहरूको मूल सुरक्षा चासो बुझिन्छ र बहुपक्षीय सम्बन्धलाई प्रतिस्पर्धा होइन, पूरक रूपमा व्यवस्थापन गरिन्छ । यो कुनै पनि सैन्य गठबन्धनबाट वास्तविक असंलग्नता पनि हो ।

नेपालजस्ता राज्यहरूले इतिहासमा आफ्नो परराष्ट्र नीति र आन्तरिक मामिला कसरी सञ्चालन गरे भन्ने विषय महत्त्वपूर्ण ऐतिहासिक पाठ हुन सक्छ । अन्य साना शक्तिले शक्तिशाली छिमेकीबीच सन्तुलन कायम गर्दै, आन्तरिक एकता सुदृढ गर्दै र कूटनीतिक सावधानी अपनाउँदै सार्वभौमिकता जोगाएका उदाहरण छन् । त्यसैले यस्ता अनुभवको अध्ययनले नेपाललाई पनि वर्तमान चुनौती व्यवस्थापन गर्न उपयोगी मार्गदर्शन दिन सक्छ ।

इतिहासका महत्त्वपूर्ण उदाहरण

भूराजनीतिमा कुनै पनि दुई परिस्थिति ठ्याक्कै एउटै हुँदैनन् । प्रत्येक अवस्था आफ्नै ऐतिहासिक, सांस्कृतिक र रणनीतिक सन्दर्भमा विकसित हुन्छ । तर, विभिन्न घटनामा दोहोरिने केही ढाँचा-प्रवृत्ति भने देख्न सकिन्छ । र, त्यहींबाट महत्त्वपूर्ण पाठ निकाल्न सकिन्छ । यस्ता ढाँचालाई ध्यानपूर्वक अध्ययन गर्दा राज्यहरूले जोखिम बुझ्न, चुनौती अनुमान गर्न र बढी सूचित तथा विवेकपूर्ण रणनीतिक निर्णय लिन सक्छन् । निम्न चार उदाहरणलाई सन्दर्भमा लिइएको छ :

१. पोलिस-लिथुआनियाली रा ष्ट्रमण्डल, आन्तरिक कमजोरी र बाह्य हस्तक्षेपको एउटा सान्दर्भिक उदाहरण हो । अठारौं शताब्दीको पो लिस-लिथुआनियाली राष्ट्रमण्डल रुस, प्रशिया र अस्ट्रियाबीच अवस्थित विशाल राज्य थियो । क्षेत्रफल र जनसंख्याको हिसाबले यो कमजोर रा ज्य थिएन तर यसको मुख्य समस्या भूगोलभन्दा बढी आन्तरिक राज नीतिक संरचनामा थियो । निर्वाचित राजतन्त्र र 'लिबेरुम भिटो' प्रणालीका कारण संसद्का कुनै पनि एक सदस्यले सम्पूर्ण विधायन प्रक्रिया अवरुद्ध गर्न सक्थ्यो । यसले प्रभावकारी शासन र सुधारलाई लगभग असम्भव बनायो । राज्य प्रशासन सुस्त, विभाजित र गुटबन्दीग्रस्त बन्यो ।

यो संरचनात्मक कमजोरीलाई छिमेकी शक्तिहरूले सुनौलो अवसरका रूपमा प्रयोग गरे । रुस, प्रसिया र अस्ट्रियाले आन्तरिक राजनीतिक गुटहरूलाई आर्थिक र कूटनीतिक समर्थन दिए, प्रभावशाली व्यक्तिलाई प्रभावित गरे र कहिलेकाहीं सैनिक दबाबसमेत प्रयोग गरे । जब १७९१ मा संविधानमार्फत सुधारको प्रयास गरियो, छिमेकी शक्तिहरूले त्यसलाई आफ्ना हितविरुद्ध ठाने । परिणामस्वरूप सन् १७७२, १७९३ र १७९५ मा तीन चरणमा रा ज्य विभाजन गरियो । र, अन्ततः पो ल्यान्ड युरोपको नक्सावाटै हरायो ।

यस घटनाले एउटा गहिरो शिक्षा दिन्छ । कुनै पनि राज्यको कमजोरी केवल बाह्य आक्रमणबाट उत्प न्न हुँदैन । जब आन्तरिक राज नीतिक विखण्डन, निर्णयहीनता र संस्थागत दुर्बलता हुन्छ, तब बाह्य शक्तिहरूलाई हस्तक्षेप गर्न सहज हुन्छ । आन्तरिक विभाजनले बाह्य दबाबलाई गुणात्मक रूपमा बढाउँछ । त्यसैले जब आन्तरिक कमजोरी र बाह्य महत्त्वाकांक्षा एकै समयमा सक्रिय हुन्छन्, राज्यको सार्वभौमि कता मात्रै होइन, अस्तित्व नै संकटमा पर्न सक्छ । पोल्यान्ड र लिथुआनिया पहिलो विश्वयुद्धपछि सन् १९१८ मा स्वतन्त्र राष्ट्रका रूपमा पुनः उदाए । दोस्रो विश्वयुद्धपछि पोल्यान्ड र लिथुआनिया सोभियत प्रभावमा परे पनि १९८९-१९९१ को अवधिमा पुनः पूर्ण सार्वभौम लोकतान्त्रिक राष्ट्रका रूपमा स्थापित भए ।

२. बेल्जियम अन्तर्राष्ट्रिय प्रत्याभूतिको सीमितता अर्को सान्दर्भिक उदाहरण हो । उन्नाइसौं शताब्दीमा बेल्जियम फ्रान्स र जर्मन भूभागबीच 'बफर स्टेट' का रूपमा स्थापित भयो । सन् १८३० मा स्वतन्त्र भएपछि यसको स्थायित्व सुनिश्चित गर्न १८३९ को लन्डन सन्धिमार्फत प्रमुख युरोपेली शक्तिहरूले यसको स्थायी तटस्थता प्रत्याभूत गरेका थिए । यसको अर्थ थियो- बेल्जियम कुनै सैन्य गठबन्धन मा सामेल नहुने र अरू शक्तिहरूले पनि यसको ..... (ईकान्तिपुर)

भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :

- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

जलवायु परिवर्तनको जोखिम

- केशव शर्मा

..... र थामेले देखाएझैं एउटा हिमाली घटनाले तलका बस्ती मात्रै होइन, ऊर्जा प्रणाली र राष्ट्रिय अर्थतन्त्रसम्म असर पुऱ्याउन सक्छ। मेलम्चीको भेलबाढीले मेलम्ची खानेपानीको संरचना मात्रै होइन- थुप्रै पुल, सडक, माछा पोखरी, खेतीयोग्य जमिन र आवासीय भवनहरू बगाएको थियो। थामे हिमबाढीले ऐतिहासिक पर्यटकीय क्षेत्र मात्र नभई नाम्चे क्षेत्रको एकमात्रै ऊर्जाको स्रोत थामे विद्युत् योजनालाई पनि क्षति पुऱ्याएको थियो र उच्च जोखिममा पारेको छ।

पहाड र मध्यपहाड क्षेत्रमा अत्यधिक वर्षा अब अपवाद नभई नियमित बन्दै गएको छ। यस कारण सडक कटान, पुल बग्ने, बस्ती विस्थापन र कृषि भूमि नष्ट हुने समस्या बढेको छ। यी समस्या केवल प्राकृतिक होइनन्, भू-उपयुक्तता नबुझी गरिएको विकास, कमजोर नियमन र गलत इन्जिनियरिङ अभ्यासले जोखिमलाई अझ गम्भीर बनाएको छ। तराई क्षेत्रमा भने एकै वर्षमा बाढी र खडेरी दुवै देखिन थालेका छन्। असामान्य बाढीले बाली नष्ट गर्छ भने लामो खडेरीले सिँचाइ र उत्पाद(नमा असर पुऱ्याउँछ। यसले खाद्य सुरक्षा, किसानको आय र सामाजिक स्थायित्वमा प्रत्यक्ष प्रभाव पारिरहेको छ। सहरी क्षेत्र, विशेषगरी काठमाडौं उपत्यकामा बाढी अब नदी किनारको मात्रै समस्या होइन।

माथि उल्लेख गरेझैं नेपालमा जलवायु परिवर्तनलाई अझै पनि वातावरणीय संरक्षणको सीमित विषयका रूपमा बुझ्ने प्रवृत्ति बलियो छ। यही कारण जलवायु परिवर्तनसम्बन्धी अधिकांश नीति, कार्यक्रम र बजेट वन तथा वातावरण मन्त्रालयमै केन्द्रित छन्। ऐतिहासिक रूपमा वातावरण, वन संरक्षण, जैविक विविधता र अन्तर्राष्ट्रिय जलवायु सम्झौतासँग सम्बन्धित काम यही मन्त्रालयअन्तर्गत रहँदै आएको छ। प्रारम्भिक जलवायु वित्त पनि वन क्षेत्र र संरक्षणसँग जोडिएर आएको हुँदा यो विषय संस्थागत रूपमा त्यहीं सीमित हुन पुगेको हो। जलवायु परिवर्तनलाई वन मन्त्रालयसँग मात्रै जोडिँदा जलवायु अनुकूलन कार्यक्रमहरू वृक्षरोपण वा सचेतनामुखी गतिविधिमा सीमित हुन्छन्, तर पूर्वाधार को अध्ययन, डिजाइन र मापदण्डमा जलवायु बहुजोखिम समावेश हुँदैन। विकास, पूर्वाधार, ऊर्जा, कृषि, सहरी करण र सामाजिक सुरक्षासँग जलवायु जोखिमलाई प्रत्यक्ष रूपमा जोडेर नीति निर्माण गर्नुपर्छ।

जलवायु परिवर्तन हुने कारण न्यूनीकरण गर्ने कार्य हाम्रो सामर्थ्य बाहिरको भएको हुनाले जलवायु परिवर्तनले हुने बहुआयामिक असरहरू खासगरी दीर्घकालीन विकासको सन्दर्भ राष्ट्रिय दलहरूले आफ्ना घोषणापत्रमा उल्लेख गर्नुपर्थ्यो। दलका घोषणापत्रमा जलवायु परिवर्तनका एजेन्डा लेखिए पनि समेट्नैपर्ने केही नीतिगत बुँदा निम्न छन् :

जलवायु वित्त र अन्तर्राष्ट्रिय सहकार्य

नेपालजस्ता न्यून कार्बन उत्सर्जन, तर उच्च जलवायु जोखिममा रहेका देशहरूले अन्तर्राष्ट्रिय जलवायु वित्त र सहकार्यमा समन्वित अनि प्रमाण-आधारित दह्रो उपस्थिति जनाउनु आवश्यक छ। जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय फोरमहरू (विशेषगरी कोपजस्ता सम्मेलन) मा नेपालको सहभागिता औपचारिक उपस्थितिमा मात्रै सीमित नभई- हिमाली जोखिम, हिमताल फुट्ने खतरा, जलवायु प्रेरित बसाइँसराइ र क्षेत्रीय स्थायित्वका विषयमा स्पष्ट एजेन्डा र प्रस्ट प्रस्तुतिसहित हुनुपर्छ। ग्रिन क्लाइमेट फन्ड, आडप्टेसन फन्ड र अन्य बहुपक्षीय कोषमा पहुँच बढाउन कूटनीतिक सक्रियता, प्राविधिक प्रमाण र दीर्घकालीन जलवायु रणनीतिमा आधारित मजबुत दबाब सिर्जना गर्ने नीति आवश्यक छ। साथै प्रमुख दातृ निकाय र राष्ट्रहरूसँग द्विपक्षीय सहकार्यलाई परियोजनामुखी सहायता मात्रै होइन, संस्थागत क्षमता विकास, जोखिम व्यवस्थापन र ..(ईकान्तिपुर)

महत्वपूर्ण जानकारी

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराऔं ।
- सबैभन्दा ठुलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदुपयोग गरौं ।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं ।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं ।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्बरा शक्ति सुरक्षित राखौं । अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं ।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं ।
- विषदी र रासायनिक मलले माटोको उर्बरा शक्ति घटाउने कुरा बुझि राखौं ।

शरद लामा
कार्यालय प्रमुख
कृषि विकास कार्यालय दुनै, डोल्पा
दुनै, डोल्पा

मानवअधिकारको सम्मान गरौं

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जात, धर्म, भाषा, लिंग वा वर्णको आधार मा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्धारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा